# विश्व

**कारबाही**
हंगेरीमा अबदेखि आप्रवासीलाई मद्दत पुऱ्याउनेमाथि कारबाही हुने भएको छ।



**सहानुभूति**
भारतीय चर्चित बलिउड कलाकार इरफान खानले आफूलाई क्यान्सर भएको सार्वजनिक गरेपछि उनीप्रति प्रशंसकको सहानुभूतिको वर्षा भएको छ।





विश्व २ मिनेट

**चीन**

## 'साँचो शान्ति'

बेइजिङ, (एजेन्सी)

चीनको दुई दिवसीय भ्रमणमा रहेका उत्तर कोरियाली नेता किम जोङ उन र चिनियाँ राष्ट्रपति सी जिन पिङबीच कोरियाली प्रायद्वीपमा परमाणु निशस्त्रीकरण गर्ने विषयमा छलफल भएको छ। दुई नेताबीच सिंगापुरमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग किमको ऐतिहासिक शिखर वार्तालाई लिएर विचार आदान प्रदान भएको केसीएनएले जनाएको छ। किमले बेइजिङमा चिनियाँ राष्ट्रपति सीसँग कोरियाली प्रायद्वीपमा 'साँचो शान्ति' र 'नयाँ भविष्य उजागर' गर्नका लागि चिनियाँ अधिकारीलाई सहयोग गर्ने प्रतिबद्धता पनि व्यक्त गरेको जनाएको छ।

**भारत**

## गाईको नाममा हत्या

नयाँ दिल्ली, (एजेन्सी)

गाई चोरी काटेको आरोपमा भीडले कुटपिट गरी एक व्यक्तिको हत्या गरेको छ। मारिएका उत्तर प्रदेशको मदामपुर गाउँका मोहम्मद कासिम मुसलमान भएको प्रहरीले बताएको छ। उक्त भीडले ६० वर्षीय एक वृद्ध समिउद्दिनलाई पनि नराम्रोसँग कुटपिट गरेको र उनी २ दिनदेखि अस्पतालमा उपचार गराइरहेको जनाइएको छ। उक्त घटना राजधानी दिल्लीबाट करिब ६५ किलोमिटर दुरी उत्तर प्रदेशका हापुड जिल्लाको हो। मोहम्मद वकिल खेती र पशुपालन गर्ने समिउद्दिनका भतिजा हुन्। भारतमा हालैका वर्षमा गाई मारेको आरोपमा पटक-पटक मुसलमानको हत्या हुँदै आइरहेको छ।

**अफगानिस्तान**

## पहिलो आक्रमण

काबुल, (एजेन्सी)

पश्चिमी अफगानिस्तानमा बुधबार तालिवान लडाकुले गरेको भीषण आक्रमणमा करिब ३० जना मानिसको ज्यान गएको सरकारी सुरक्षा फौजले जनाएको छ। अस्थायी युद्धविरामको म्याद सकिएपछि भएको यो पहिलो ठूलो आक्रमण हो। बादघिस प्रान्तका कम्तिमा २ वटा सैनिक जाँच चौकीमा लडाकुले आक्रमण गरेका थिए। तालिवान पक्षमा पनि केही हताहत भएको सरकारी अधिकारीले बताएका छन्। मुस्लिमको पवित्र चाड इद अल फितर सकिनासाथ तालिवानले आइतबार ३ दिने युद्धविरामको अन्त्य गरेका थिए। तर सरकारले भने आफूले एकोहोरो युद्धविराम जारी राख्ने जनाएको छ।

**हंगेरी**

## सहयोगीलाई सजाय

बुडापेस्ट, (एजेन्सी)

हंगेरीको संसद्ले शरणार्थी बन्न खोज्ने जो कोहीलाई मद्दत गर्ने वकिल तथा अभियन्तालाई अपराधीलाई सरह कानुनी कारबाही गर्ने उद्देश्यले बुधबार एउटा नयाँ विधेयक पारित गरेका छ। यसरी अवैध आप्रवासीलाई सहयोग पुऱ्याएको प्रमाणित भएको खण्डमा अभियुक्तलाई १ वर्ष लामो कारावास सजाय हुने बताइएको छ। अर्बपति दानी व्यक्तिले मुस्लिम आप्रवासीलाई सहयोग गरिरहेको अभियोग लागेपछि बनाइएको यस विधेयकलाई भिक्टोर ओर्वानको सरकारले 'स्टप सोरोस ल' नामाकरण गरेको छ। युरोपेली संघका नेताबीच पनि यस विषयमा सहमति भएको थियो।

# विवादपछि आप्रवासी रोक नीतिमा परिवर्तन गर्न ट्रम्प तयार




वासिङ्टन, (एजेन्सी)

आप्रवासीको प्रवेशमाथि रोक लगाउने नीतिले अमेरिकामा राजनीतिक वृत्तमा विवाद चर्काएको छ। तर अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आप्रवासीका बच्चालाई उनका मातापिताबाट अलग राख्ने आफ्नो फैसला सही भएको बताएका छन्। 'देशमा अवैधरूपमा घूसपैठ गर्ने मातापितालाई जेल हुन्छ भने उनीहरूका बच्चालाई उनीहरूबाट अलग राख्नुपर्ने हुन्छ' -उनले बताए।

यसअघि उनले एक ट्विटमा भनेका थिए- 'समस्याको जड डेमोक्र्याट्स हुन जसले देशमा कानुन व्यवस्थाका बारेमा केही सोचेको छैन र आप्रवासी संक्रमणका रूपमा फैलियोस् भन्ने चाहेका छन्, उनीहरू आफ्ना खराब नीतिका कारण जित्न सक्दैनन् र आप्रवासीलाई सम्भावित भोट बैंकका रूपमा हेर्छन्।'

त्यसपछिको अर्को एक ट्विटमा उनले लेखे- 'देशभित्र अवैधरूपमा आउनेलाई हामीले रोक्नुपर्छ। देशभित्र आउने १२ हजार प्रवासी बच्चामा करिब २ हजार मात्रै आफ्ना अभिभावकसँग हुने गर्छन्।'

अवैध आप्रवासीका बच्चालाई उनका मातापिताबाट अलग गरिएका घटनापछि देशमा ट्रम्प प्रशासनको कडा आलोचना भइरहेको थियो। यसबीच अब राष्ट्रपति ट्रम्पले आफू यस नियममा ठूलो परिवर्तनका लागि तयार रहेको बताएका छन्। यस विषयमा उसले चाँडै नै आफ्ना रिपब्लिकन पार्टीका सदस्यसँग बैठक पनि गर्नेछ। हालै मात्र राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिकाको सीमामा अवैध प्रवासीको प्रवेश रोक्न कडा नियम लागू गरेका थिए।

उक्त नियमअनुसार अवैध तरिकाको घूसपैठ गर्नेमाथि आपराधिक मामिला दर्ता गरी उनीहरूलाई जेल हाल्नेछ। त्यस्ता आप्रवासीलाई उनीहरूका बच्चासँग पनि भेट्न दिइँदैन र उनीहरूलाई अलग राखिनेछ।

ती बच्चाको रेखदेख अमेरिकाको डिपार्टमेन्ट अफ हेल्थ एन्ड ह्युमन सर्विसेजले गर्छ। यसअघि बिनाआवश्यक कागजात पहिलो पटक सीमा पारी आउने आप्रवासीलाई अदालतमा बोलाइने गरेको थियो। ट्रम्प प्रशासनका अनुसार समन पठाइएको भएपछि ती आप्रवासी कहिल्यै अदालतमा उपस्थित नहुने गरेको र त्यसै कारण उनीहरूमाथि सिधा आपराधिक मामिला दर्ता गर्ने नियम लागू गरिएको हो।

आफ्ना मातापितासँग अलगिएका केही बालबालिकाका मार्मिक तस्वीर सञ्चार माध्यममा आएपछि ट्रम्प प्रशासनको यस नियमलाई लिएर विवाद पनि बढ्दै गएको हो। ती तस्वीरलाई हेरेर बच्चाका लागि बनेका ती केन्द्रको तुलना नाजी यातना सिविरसँग गरिएको छ। अमेरिकाका महान्यायाधीवक्ता जेफ सेसन्सले यस तुलनामाथि कडा आपत्ति जनाएको छ। उनले स्थितिलाई बढाइचढाइ गर्ने काम भइरहेको र आफूले कानुन मात्र लागू गरेको बताए। नागरिकले उनको पक्षलाई पनि बुझ्ने अपेक्षा सेसन्सले बताए। अमेरिकी सरकारको आँकडाअनुसार मे ५ देखि जुन ९ सम्मको बीचमा २ हजार ३ सय ४२ आप्रवासीका बच्चा उनका मातापितासँग अलग भइसकेका छन्।

यसैबीच मेक्सिकोका विदेशमन्त्री लुइस विदेगारा कासोले बच्चालाई उनका परिवारसँग अलग गर्नु 'क्रुर अमानवीय' भएको प्रतिक्रिया दिएका छन्। अमेरिकाको उक्त कदम निश्चितरूपमा मानवअधिकारको उलंघन भएको उनले बताए। अमेरिकी राष्ट्रपति ट्रम्पले विपक्षी डेमोक्र्याटिक पार्टीका सदस्यमाथि उनको काममा बाधा हालेको आरोप लगाएको थियो। उनले आफ्नो 'जिरो टोलरेन्स पलिसी' सही भएको बताउँदै युरोपेली देशले लाखौं आप्रवासीलाई आश्रय दिएर ठूलो गल्ती गरेको बताएका थिए।

# एटिएमका लाखौं रुपियाँ क्षतिग्रस्त

नयाँ दिल्ली, (एजेन्सी)



भारतीय पूर्वी राज्य आसममा बिग्रेको पैसा निकाल्ने एटिएम मेसिन बनाउने प्राविधिज्ञहरू मेसिन खोलेर हेरेपछि स्तब्ध भएका छन्। तिनीहरूले त्यसभित्रको झन्डै १२ लाखभन्दा बढी भारतीय रूपियाँ स-साना टुक्रामा च्यातिएको अवस्थामा फेला पारेका छन्।

ती नोट मुसाले खाएको अनुमान गरिएको छ। दि हिन्दुस्तान टाइम्सका अनुसार मेसिनमा वायरिंगका लागि बनाइएको प्वालबाट मुसा भित्र छिरेको जनाएको छ। टिन्सुकिया जिल्लाको स्टेट बैंक अफ इन्डियाको शाखाको एटिएममा भेटिएको चपाइएका नोटका तस्वीर ट्विटरमा भाइरल भएका छन्।

प्रहरी अधिकारी प्रकाश सानोवाललाई उद्धृत गर्दै हिन्दुस्तान टाइम्सले करिब १२ दिनदेखि सो एटिएम मेसिनले काम गर्न छोडेको जनाएको छ। मेसिन खोलेर हेरेका प्राविधिज्ञले २ हजार र ५ सयका नोट पूर्णत: क्षतिग्रस्त अवस्थामा भेटिएको बताएका छन्। तर तिनीहरूले बाँकी १७ लाख नोट बचाउन सफल भएका छन्।

# मानवअधिकार परिषद्बाट अमेरिका बाहिरिने निर्णय



न्युयोर्क, (एजेन्सी)

अमेरिकाले संयुक्त राष्ट्र मानवअधिकार परिषद्बाट बाहिरिने निर्णय गरेको छ। अमेरिकी विदेशमन्त्री माइक पोम्पियो र संयुक्त राष्ट्रका लागि अमेरिकी दूत निकी हेलीले विदेशमन्त्री माइक पोम्पियो एक संयुक्त प्रेस सम्मेलनमा उक्त घोषणा गरेकी हुन्।

परिषद्का प्रमुख जेद बिन राद अल हुसैनले अमेरिकाले मानवअधिकारको रक्षाबाट पछाडि हट्न नहुने बताएका छन्। अमेरिकी निर्णयको प्रतिरक्षा गर्दै हेलीले भनिन्- 'जब एक तथाकथित मानवअधिकार परिषद् भेनेजुयला र इरानमा भइरहेका मानवअधिकार उलंघनका बारेमा केही बोल्न सक्दैन र कंगोजस्ता देशलाई आफ्नो सदस्यका रूपमा स्वागत गर्छ भने यसले मानवअधिकार परिषद् भनाउने अधिकार गुमाउँछ।' यस्तो संस्थाले मानवअधिकारलाई नोक्सान मात्र पुऱ्याउने उनले बताइन्। परिषद् राजनीतिक पक्षपातबाट प्रेरित रहेको पनि हेलीले आरोप लगाइन्। उनले भनिन्- 'यद्यपी परिषद्बाट बाहिरिनुको अर्थ हामी मानवअधिकारप्रतिको जिम्मेवारीबाट पन्छिएका होइनौ भन्ने प्रष्ट पार्न चाहन्छु।'

गतवर्ष पनि यूएनएचआरसीमाथि 'इजरायलविरुद्ध दुर्भावना र भेदभावबाट ग्रस्त' भएको आरोप लगाएको थियो। त्यतिबेला नै अमेरिकाले परिषद्मा आफ्नो सदस्यतालाई लिएर समीक्षा गर्ने बताएकी थिइन्।

# गाँजा प्रयोगका लागि क्यानडाली संसद्को समर्थन

## तत्काल खाद्यान्नमा प्रयोग नगरिने

टोरोन्टो, (एजेन्सी)

क्यानाडाको संसद्ले राष्ट्रभरि गाँजालाई मनोरन्जनको उद्देश्यले प्रयोग गर्न पाउने गरी नयाँ कानुन पारित गरेको छ। सिनेटमा गाँजा कानुन पारित गर्नका लागि मंगलबार भएको मतदानमा पक्षमा ५२ र विपक्षमा २९ मत खसेका थिए। यस कानुनले गाँजाको उत्पादन, वितरण र बिक्री नियन्त्रण र अनुगमन गर्ने भएको छ।

छिटोमा यही आगामी सेप्टेम्बरसम्ममा क्यानडालीले सजिलै गाँजा किनेर उपभोग गर्न पाउनेछन्। राष्ट्रभरि मनोरन्जनका लागि गाँजालाई वैधानिक गर्ने क्यानडा विश्वकै दोस्रो मुलुक भएको छ।

सन् २०१३ को डिसेम्बरमा यसरी मनोरन्जनका लागि गाँजालाई वैधानिकता प्रदान गर्ने उरुग्वे विश्वकै पहिलो राष्ट्र बनेको थियो। त्यसपछि संयुक्त राज्य अमेरिकाका पनि थुप्रै राज्यमा गाँजालाई वैधानिकता प्रदान गर्न मतदान गरिएका थिए। सन् १९२३ मा पहिलो पटक क्यानडामा साथमा गाँजा राख्नुलाई अपराध घोषणा गरिएको थियो।



तर सन् २००१ देखि भने उपचारका लागि गाँजाको प्रयोगलाई वैधानिक बनाइएको थियो। यसै साता यस विधेयकमाथि शाही लालमोहर लाग्ने अनुमान गरिएको छ। त्यसपछि सरकारले यसलाई कार्यान्वयन गर्नका लागि औपचारिक तिथी तोक्नेछ।

क्यानडाली प्रधानमन्त्री जस्टिन ट्रुडोले ट्विट गरेका छन्- 'अहिलेसम्म हाम्रा केटाकेटीले अपराधीलाई टन्न नाफा हुने गरी सजिलै गाँजा हासिल गर्दै आएका थिए।'

तर विपक्षी कन्जरभेटिभ राजनीतिज्ञ र केही आदिवासी समूहले भने सरकारको यस कदमको विरोध गरेका छन्। सरकारले प्रान्त, क्षेत्र र महानगरपालिकालाई गाँजाका लागि नयाँ बजार व्यवस्थापन गर्न ८ देखि १२ साताको समय दिने अपेक्षा राखिएको छ।

वयस्कले सार्वजनिक स्थानमा सुकेको ३० ग्राम गाँजा साथमा राख्न सक्ने यस विधेयकमा उल्लेख गरिएको छ। तर गाँजा मिसाइएको खाद्य पदार्थको भने तत्काले उत्पादन र बिक्री वितरण नगरिने भएको छ।

इजरायल, अर्जेन्टिना, प्युयर्टो रिको, पानामा, मेक्सिको, टर्की, जाम्विया र जिम्वावेलगायत १४ वटा युरोपेली राष्ट्रमा स्वास्थ्य उपचार प्रयोजनका लागि गाँजालाई कानुनी छुट दिइएको छ। अमेरिकामा पनि २९ वटा राज्यमा स्वास्थ्य उपचारका लागि गाँजा प्रयोग गर्न पाउने प्रावधान छ।

साथै डिस्ट्रिक्ट अफ कोलम्बियालगायत ९ वटा राज्यमा भने गाँजालाई चिकित्सकीय र निजी दुवै प्रयोगका लागि कानुनी छुट दिइएको छ। स्पेन, नेडरल्यान्डस, पोर्च्युगल, स्लोभेनिया, जमैका, चिली, पेरु, कोलम्बिया, इक्वेडर, लक्ज्वेम्वर्ग र भारतका केही भागमा गाँजाको निजी प्रयोगलाई अपराध मानिएको छ।

क्यानडामा गाँजा सेवन गर्न पाउने न्यूनतम उमेर १८ वर्ष तोकिएको छ तर केही प्रान्तमा भने १९ वर्ष तोकिएको छ। गाँजा कसरी र कुन परिमाणमा बिक्री गरिने तथा यसको सेवन गर्न पाउने स्थान कहाँ तोक्नेजस्ता सम्पूर्ण निर्णय गर्ने अधिकार प्रान्तलाई नै दिइएको छ।

तर संघीय सरकारले देखिने गरी प्याकेजिङ गरी त्यसमा स्वास्थ्यलाई हानी पुऱ्याउन सक्ने वैधानिक चेतावनी उल्लेख गरिनुपर्ने जनाएको छ। तर कलिला बालबालिकालाई केन्द्रित गरी गाँजाको प्रबर्द्धन गर्न तथा विज्ञापनमा सेलिब्रेटीलाई प्रयोग गर्न नपाइने बताइएको छ।